क. धुलिखेल नगरपालिका वडा नम्बर ६ स्थीत नगरपालिकाको सपिंग कम्प्लेक्समा कोठा भाडामा लिएर ब्यबसाय संचालन गर्दै आएका श्याम श्रेष्ठले पसल भित्र पानी पसी सामानको क्षति भएकोले रु दुइ लाख पचास हजार क्षतिपूर्ति पाउँ भनि निवेदन दिएको विषयमाथि छलफल हुँदा क्षतिको एकिन विवरण र प्रहरी सर्जमिन मुचुल्का माग गर्ने निर्णय गरियो ।

ख. वातावरण तथा विपद व्यावस्थापन विषयगत समितिको मिति २०८३.०२.२६ गतेको निर्णय तथा सिफारिस बमोजिम देहाय बमोजिम राहत दिने निर्णय गरियो ।

| सि नं | पिडित व्यक्तिको नाम | कारण | राहत विवरण |
|---|---|---|---|
| १। | पेमा डासा लामा, धुलिखेल १ | २०८२ अशोज १७ र १८ को बर्षादले घर क्षति | रु. १००००.० |
| २। | मन ब. तामांग, धुलिखेल १ | २०८२ अशोज १७ र १८ को बर्षादले घर क्षति | रु. १००००.० |
| ३। | आइत ब. तामांग , धुलिखेल १ | २०८२ अशोज १७ र १८ को बर्षादले घर क्षति | रु. १००००.० |
| ४। | बिजय तामांग , धुलिखेल १ | २०८२ अशोज १७ र १८ को बर्षादले घर क्षति | रु. १००००.० |
| ५। | बिर ब. तामांग , धुलिखेल १ | २०८२ अशोज १७ र १८ को बर्षादले घर क्षति | रु. १००००.० |
| ६। | ठुलीमाया तामांग , धुलिखेल १ | २०८२ अशोज १७ र १८ को बर्षादले घर क्षति | रु. १००००.० |
| ७। | कुमार ब. राउत, धुलिखेल १० | जंगली बदेलले बालीनाली नस्ट गरेको | रु ३०००.० |
| ८। | रामकला राउत, धुलिखेल १० | जंगली बदेलले बालीनाली नस्ट गरेको | रु ३०००.० |
| ९। | सादुराम पुरी, धुलिखेल ८ | २०८३ बैशाख १४ गते घर आगालागी भएको | ३.५ बन्डल जस्तापाता |
| १०। | श्याम मिजार धुलिखेल १० | २०८३ बैशाख २१ गतेको हावाहुरीले घरको छाना उडाएको | ३.५ बन्डल जस्तापाता |

ग. मिति २०८३.३.१० देखि २०८३.३.३२ सम्म योजना फरफारक समिति बैठकले गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

घ. यस धुलिखेल नगरपालिकाको ठेक्का नं. DMO/NCB/WORKS/077/78-23, CONSTRUCTION OF DEVISTHAN PARK निर्माण कार्यको म्याद थप सम्वन्धमा शहरी पूर्वाधार शाखाले मिति २०८३.४.५ मा पेश गरेको टिप्पणी बमोजिम हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner

डिप बोरिङ गर्न अनुमति माग भएकोमा उक्त निवेदन उपर मिति २०८३/०१/२२ गतेको धुलिखेल नगरपालिकाको जलस्रोत समितिको बैठकमा छलफल भई मिति २०८३/०१/२३ गते धुलिखेल नगरपालिकाको जलश्रोत उपयोग नियमावली, २०७८ को नियम २० बमोजिम जलश्रोत उपयोग सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित भएकोमा उक्त अवधिमा कुनैपनि उजुरी नपरेको र द द्वारिकाज हिमालयन शांग्रिला भिलेज रिसोर्ट प्रा.लि. ले पेश गरेको जल-भौगर्भिक र भूभौतिकी अध्ययन प्रतिवेदन अनुसार प्रस्तावित डिप बोरिङ आसपासका क्षेत्रमा रहेका मुहानमा डिप बोरिङ सञ्चालनले हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न, डिप बोरिङ निर्माण र सञ्चालनसँगै भुमिगत पानीको पनि पुनर्भरण गरी उचित उपयोगको नियमित निगरानी हुनेगरी प्रस्ताव पेश गरेको हुनाले जलश्रोत समितिको मिति २०८३/०३/३१ गतेको बैठकले डिप बोरिङ निर्माणको अनुमति प्रदान गर्न नगरकार्यपालिका समक्ष पेश गर्ने निर्णय गरेकोले जलश्रोत समितिको सिफारिस बमोजिम डिप बोरिङको लागि अनुमति दिने निर्णय गरियो ।

५. धुलिखेल नगरपालिका वडा नम्बर १० फस्कोट स्थित धुलिखेल नगरपालिकाको प्रस्तावित औद्योगिक ग्राम क्षेत्रको वातावरणीय प्रभाव परिक्षण (IEE) प्रतिवेदन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै औद्योगिक ग्रामको जमिनको संरक्षणका लागि घेराबारा, पहुच मार्ग निर्माण, बिद्युतिकरण लगायतका काम शहरी पूर्वाधार शाखाबाट र उद्योग स्थापनाका लागि आवश्यक सुचना तथा प्रस्ताव आवहान गर्ने काम लघु उद्यम विकास शाखाबाट अगाडी बढाउने गरी निर्देशन दिने निर्णय गरियो ।

६. जिल्ला समन्यव समिति काभ्रेपलाञ्चोकको मिति २०८३.३.३० को पत्रबाट वडाको सिमाना र संख्या हेरफेर गर्ने र केन्द्र परिवर्तन गर्ने, नगरपालिकाको सिमाना हेरफेर गर्ने, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र त्यसरी गाभिएका बन्ने नयां गाउँपालिका वा नगरपालिकाको नामाकरण, केन्द्र र वडाको संख्या र सिमाना तथा केन्द्र निर्माण गर्ने, नगरपालिकाको बिधमान बर्गिकरणमा पुनरावलोकन गर्ने विषयमा कुनै अध्ययन गर्न आवश्यक भएमा लेखि पठाउन अनुरोध भै आएकोले माथिका चारै बिषयमा अध्ययनका लागि लेखि पठाउने निर्णय गरियो ।

७. धुलिखेल नगरपालिका वन, वातावरण तथा विपद ब्यवस्थापन शाखाबाट पेश हुन आएका देहायको कार्यविधि, मापदण्ड तथा कार्यढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

क. विपद ब्याबस्थापन कोष संचालन कार्यविधि, २०८३

ख. नगरपालिकाको डोजर संचालन सम्बन्धि मापदण्ड, २०८३

ग. स्थानीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा, (LDCRF) २०८३

८. बिबिध

CamScanner

५८ औ कार्यपालिका बैठकको एजेण्डाहरु

क. नगर दररेट समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा,

ख. नगर अस्पताल संचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा,

ग. बोरिङ्गको अनुमति प्रदान गर्ने सम्बन्धमा,

घ. IEE प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा,

ङ. पालिकाको सिमाना हेरफेर तथा बर्गिकरण पुनरावलोकन सम्बन्धमा,

च. विपद ब्यवस्थापन कोष संचालन कार्यविधि २०८३ स्वीकृत गर्ने सम्बन्धमा,

छ. डोजर संचालन मापदण्ड २०८३ स्वीकृत गर्ने सम्बन्धमा,

ज. स्थानीय विपद तथा जलबायु उत्थानशिल कार्या ढाचा (LDCRF) , २०८३ स्वीकृत गर्ने समबन्धमा,

झ. बिबिध

क. श्याम श्रेष्ठको निबेदन सम्वन्धमा,

ख. विपद राहत अनुमोदन सम्बन्धमा,

ग. योजना फरफारक सम्बन्धमा,

घ. देवीस्थान पार्कको ठेक्का म्याद थप सम्बन्धमा,

५७ औ कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५७ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो । । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

२. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्ने ब्यबस्था बमोजिम धुलिखेल नगरपालिका क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय दररेट निर्धारणका गठन भएको समितिको मिति २०८३.४.५ मा वसेको बैठकले गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

३. धुलिखेल नगर अस्पताल संचालन तथा ब्यवस्थापन सम्बन्धमा तर्जुमा भएको कार्यविधि, २०८३ स्वीकृतिका लागि पेश हुँदा यस बिषयमा थप छलफल गर्नुपर्ने भनि कार्यपालिका सदस्यबाट माग आएकोले कार्यपालिका सदस्यबाट उठाइएको माग बमोजिम छलफल कार्यक्रम आयोजना गर्न स्वास्थ्य तथा सरसफाई शाखालाई निर्देशन दिने निर्णय गरियो ।

४. धुलिखेल नगरपालिका वडा नं. ८ स्थित द द्वारिकाज हिमालयन शांग्रिला भिलेज रिसोर्ट प्रा.लि. को मिति २०७९/०१/१५ गते र मिति २०८२/०९/२२ को निवेदन अनुसार

CamScanner

आज मिति २०८३ साल श्रावण ६ गते बुधबारका दिन दिनको १.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा अन्ठाउन्नौ बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री संजय कोजू | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

CamScanner